जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १३ पृष्ठः ४ | २०८३ बैशाख १८ शुक्रबार (Friday 01 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# दृष्टि गुमाएकाहरूको दृष्टि फर्काउँदै लहान नगरपालिका



सिरहा, १७ वैशाख। लहान नगरपालिका-१७ का ६० वर्षीय हरि सदा र उहाँकी ५८ वर्षीया श्रीमती सुकुमरिया सदाको संसार विस्तारै धमिलिँदै गएको थियो। झन्डै दुई वर्षदेखि आँखाको ज्योति कमजोर हुँदा दुवै जनाको जीवन अँध्यारोतिर धकेलिएको थियो। मनमा अस्पताल जाने रहर नभएको होइन, तर आर्थिक अभावले पाइला रोकिदिन्थ्यो। "आँखा नदेख्दा आफ्नै आँगनमा हिँुल गर्न पनि मुस्किल थियो", सुकुमरियाले भन्नुभयो, "डाक्टरलाई देखाउन र अप्रेसन गर्न पैसा कहाँबाट ल्याउने रु त्यही पीरले बसिरहयौँ।"


यस्तै समस्या थियो सोही वडाका ७० वर्षीय हिरा चौधरी र उहाँकी श्रीमती ७० वर्षीया निमानी चौधरीको पनि। बुद्यौलीले छोपेको शरीर, त्यसमाथि गुम्दै गरेको दृष्टिले यो दम्पतिलाई अरूकै सहारामा बाँच्नुपर्ने बनाएको थियो। यही वैशाख १२ गतेपछि भने उहाँहरूको जीवनमा खुसी फर्किएको छ। लहान नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँगको प्राविधिक सहकार्यमा वडा नं १७ मा निःशुल्क आँखा जाँच शिविर सञ्चालन गरेपछि त्यो खुसी फर्किएको हो। शिविरमा पुगेका दुई सय ५० जनामध्ये हरि सदा र हिला चौधरीको दम्पतीसहित ४७ जनामा मोतियाविन्दु भएको पुष्टि भयो।

नगरपालिकाले केवल रोग मात्र पहिचान गरेन, बिरामीहरूलाई गाउँदेखि अस्पतालसम्म पुऱ्याउन नगर बसको समेत व्यवस्था गरिदियो। सामान्यतया एउटा आँखाको मोतियाविन्दु शल्यक्रिया गर्न करिब रु नौ हजार खर्च लाग्ने गर्दछ। नगरपालिकाले दुवै आँखाको सबै खर्च व्यहोररे उपचार गरेपछि खुसी फर्किएको हो। बुधबार अस्पतालको शय्यामा उपचाररत ती ४७ जना बिरामीलाई भेट्न नगरप्रमुख महेशप्रसाद चौधरी आफैँ पुग्नुभयो। उहाँले बिरामीहरूलाई जुस वितरण गर्दै स्वास्थ्य लाभको कामना गर्दा बिरामीका आँखा कृतज्ञताले भरिएका थिए।

"मैले सोचेको पनि थिइनँ कि सरकारले यसरी घरमै आएर आँखा जचाइदिन्छ र अस्पताल ल्याएर निःशुल्क अप्रेसन गरिदिन्छ", हिरा

**–बाँकी तीन पेजमा**

# वडासदस्यसहित १४ जनालाई जरिवाना र कैद सजाय




**मणिलाल विश्वकर्मा**

लहान, १७ वैशाख। सिराहाको नवराजपुर गाउँपालिका- १, भगवतीपुरकी १७ वर्षीया रिंकुकुमारी सदायको सामूहिक बलात्कारपछि शंकास्पद मृत्युसम्बन्धी घटनामा वडा सदस्यसहित १४ जनालाई जरिवाना र कैद सजाय भएको छ। मुद्दा दर्ता भएको १३ महिना १० दिनमा सिराहा जिल्ला अदालतले १० वैशाखमा सजाय निर्धारणको फैसला सुनाउँदै बलात्कारमा संलग्न किशोर र सहयोगी तथा घटनालाई गाउँमै मिलापत्र गराउन पञ्चायती बसेका वडासदस्यसहितका प्रतिवादीहरूलाई जरिवाना र कैद सजाय सुनाएको हो।

**–बाँकी तीन पेजमा**

# स्वास्थ्य स्वयमसेविकालाई साइकल सहयोग


**जीवछ यादव**



लहान, १७ वैशाख। लहान नगरपालिका वडा २० का नौजना स्वास्थ्य स्वयम सेविकालाई साइकल वितरण गरिएको छ। स्वास्थय चौकीसम्म आउन जान सहजताका लागि साइकल वितरण गरिएको वडा कार्यालयले जनाएको छ। साइकल पाउने स्वयमसेविकामा चन्द्रमाया सिंह, रञ्जुकुमारी महतो, इन्द्रकुमारी पासवान, रोखा ठाकुर, नुनुदेवी चौधरी, सञ्जीलाकुमारी महतो शान्ति देवी, रेखादेवी चौधरी र पुनमदेवी महतो रहेका छन्। साइकल पाएका स्वयमसेविकाहरुले हाम्रो माग वडा कार्यालयले पूरा गरेको र थप सेवा सुविधा दिएर उत्साहित बनाउन स्वयसेविकाहरुको तर्फबाट नुनुदेवी चौधरीले खुसी व्यक्त गर्नुभयो।

लहान वडा २० को वडा कार्यालय उद्राटनको अवसरमा साइकल वितरण राखिएकाले सो कार्यक्रमलाई सम्बोधन गर्दै लहान नगरप्रमुख महेशप्रसाद चौधरीले वडा कार्यालयलाई वयस्थित र स्वास्थ्य चौकीको सेवा विस्तार गरिने बताउनुभयो। उहाँले भन्नुभयो, ''पहिलेका ब्रम्हान गोडछाडी गाउँपालिका लहान नगरपालिकाको वडा २० को रुपमा गाभिएपछि यस वडामा रहेका विपन्न समुदायका स्थानीयलाई स्वास्थ्य सेवा लिन स्वास्थ्य चौकीलाई व्यस्थित बनाउन पहिलोको वडा कार्यालय भवनमा सारेर ४२ लाखको लगानीमा नयाँ वडा कार्यालय भवन निर्माण गरेका

**–बाँकी तीन पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारविरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सरकारको प्राथमिकता कता ?

जनसाधारणको अवस्था नेपालमा मात्र होइन लगभग दुनियाँभर नै अप्ठेरो हुँदैगएको छ। विशेषगरी सन् २०१९ को कोभिडको व्यवस्थापनमा सरकारहरूले देखाएको गैरजिम्मेदार र नियन्त्रणकारी रवैयाले गर्दा अनौपचारिक क्षेत्रमा कार्यरतहरूको जीवनयापन संकटमा पर्न थालेको थियो। त्यसपछि धनीहरू झन् धनी हुने र गरिबहरू गरिबीको भासमा झन् भासिने क्रम लगभग निरन्तर रहेको छ। नेपालमा पनि दुनियाँको यही प्रवृत्ति नै देखिएको थियो। संसारका केही मुलुकले राष्ट्रिय अर्थतन्त्रका साथै जनसाधारणको हितमा पनि उल्लेखनीय प्रगति यसबीचमा पनि गरेका छन्। दुर्भाग्य, नेपालमा भने यसबीचमा पनि जनसाधारणको कहर घटेन। विशेषगरी शासकहरूमा देखिएको जनताका समस्याप्रतिको उदासीनताका कारण कहालीलाग्दो गरिबीको विस्तार हुँदै गयो।

हुनत, विसं २०७२को भूकम्प र त्यति नै बेला भएको नाकाबन्दीले पनि गरिबी बढाएको थियो तर त्यस प्रवृत्ति अल्पकालीन देखिएको थियो। अर्थतन्त्र पुनः चलायमान भएपछि गरिबी बढ्ने क्रम कम। यद्यपि संवेदनशील समूहहरूमा यसको असर अझै देख्न सकिन्छ। नेपालमा कोभिड -१९ पछिको अवधिमा भने गरिबीको अवस्था दोहोरो प्रवृत्तिको देखिन्छ। महामारीअघि क्रमशः घट्दै आएको गरिबी दर विश्व बैंकलगायतका अध्ययनअनुसार अस्थायी रूपमा करिब ३-४ प्रतिशतले बढ्यो र लाखौं मानिस पुनः गरिबीमा धकेलिएका थिए। विशेषगरी सहरी अनौपचारिक क्षेत्र, पर्यटन र दैनिक ज्यालादारीमा निर्भर समूहहरू बढी प्रभावित भए।

यसरी गरिबीको व्यापकता र गहिराइ दुवै बढ्दा देशमा खाद्य असुरक्षा, ऋणमा निर्भरता पनि बढेको देखियो। पछिल्ला अध्ययनहरूले गरिबीको दर फेरि करिब २० प्रतिशतमा झरेको देखाए पनि ठूलो जनसंख्या अझै गरिबीको रेखाभन्दा अलिकतिमात्रै माथि रहेको हुँदा सानो झट्का पनि सहन नसक्ने अत्यन्त संवेदनशील अवस्थामा छ। र त्यस्तो जनसंख्याको ठूलो हिस्सा सहरी क्षेत्रमा बसोबास गरिरहेको छ। अरू मुलुकहरू कोभिड-१९ पछि अपेक्षाकृत छिटै तंग्रिएको देखिन्छ। छिमेकी भारत यसको उदाहरण हो। नेपालमा भने उदार अर्थ नीति अपनाएर निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र सँगै भ्रष्टाचार नियन्त्रण गरी विकासको लाभांश जनसाधारणसम्म पुऱ्याउने कार्य प्रभावकारीरूपमा हुनसकेन। शासनरप्रशासनको कमजोरी र बेइमानीका कारण जनताको कहर थपिन थाल्यो।

यसरी थपिँदै र गुम्सिँदै गएको निराशा र आक्रोश र विस्फोट हुँदा गत भदौ विद्रोह भएको थियो। जनताले सामना गरेको भूकम्प र कोभिडको कहरप्रति शासकहरू भने निरपेक्ष उदासीन देखिए। एकातिर तुहिन चुँडिएर मर्नुपर्ने अवस्था रहिरहयो भने अर्कातिर हेलिकप्टरमा केक ओसारेर प्रधानमन्त्रीको जन्मदिन मनाइएको दृश्य जनताले देख्नुपऱ्यो। यसपछि भएको विद्रोहबाट शासकहरू अपदस्थ भएका थिए भने गत फागुन २१ को निर्वाचनले त उनीहरूलाई पाखा नै लगाइदियो। निर्वाचनबाट ठूलो बहुमतसहितको जनादेश प्राप्त सरकारले सत्ता समालेपछि जनसाधारणले आफ्ना कहर कम हुने आशा गरेका थिए। तर, नयाँ सरकारको प्राथमिकता भने गरिबीको दुश्चक्र चुँडाल्ने नभएर गरिबहरूकै उठीबास लगाउनु हुनपुगेको देखियो।

सरकारले देशभर चलाएको अनधिकृत बस्ती हटाउने अभियानले गरिबीको रेखामुनिको र गरिबीको रेखा नजिकको जनसंख्या झन् बढाउने निश्चितै देखिन्छ। यसले सरकारको सुशासनको प्रयासमा मात्र होइन विकासको अभियानमा पनि प्रतिकूल प्रभाव पार्न सक्छ। यस्तो प्रतिकूल प्रभाव रोक्ने प्रभावकारी उपाय रोजगारी वृद्धि हुनसक्थ्यो। तर, सरकार निजी क्षेत्रको विश्वास आर्जन गर्न पनि गम्भीर देखिन सकेको छैन। यस अवस्थामा सरकारले प्राथमिकतामा पुनर्विचार गर्नु आवश्यक देखिन्छ। गरिबीको रेखा मुनि र नजिक रहेका संवेदनशील समूहका लागि सामाजिक सुरक्षा प्रभावकारी बनाउनुपर्छ भने अनधिकृत बस्तीहरू हटाउनुपूर्व त्यहाँका बासिन्दाको उचित पुनर्वास र वैकल्पिक जीविकोपार्जनको ठोस योजना बनाइनुपर्छ। पछिल्लो समय सहरी क्षेत्रमा गरिबी र खाद्य असुरक्षा बढ्दै गएकाले सहरी क्षेत्र लक्षित रोजगारी र सहायताका कार्यक्रमहरू ल्याउन आवश्यक देखिन्छ।

यसैगरी लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रलाई विश्वासमा लिइएमा रोजगारीका अवसरहरू सिर्जना हुन सक्नेथिए। उठीबास लागेकाहरू अर्को कुनामा एकत्रित भएर वा छरिएर नबसुन् र आआफ्नै गाउँ सहरतिर फर्कुन् भन्ने हो भने स्थानीय स्तरमै रोजगारीको सिर्जना गरिनुपर्छ। विकासको लाभांश लक्षित वर्गसम्म पुऱ्याउन सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता ल्याउनुपर्छ र शासकहरूको फजुल खर्च नियन्त्रण गरिनुपर्छ। मन्त्रालय घटाउने र सल्लाहकारको फौज थुपार्ने प्रवृत्ति मितव्ययिताको संकेत होइन द्वैध शासनको चरित्र हो। यो सरकार पनि त्यही बाटोमा लागेको देखिएको छ। अब दिशा र मार्ग बदलिनु उचित हुनेछ।

# उल्टो बाटोमा मधेश सरकार

**मधेश प्रदेश सरकार मातहतका कार्यालयमा कानुनतः काम गर्ने कर्मचारीलाई डाम्ने, कनिष्ठलाई जिम्मेवारी दिएर वरिष्ठलाई थन्क्याउने, आफ्नो स्वार्थअनुकूल काम गर्ने/गराउनेलाई काखी च्याप्ने प्रवृत्ति कायम छ।**






**शैलेन्द्र महतो**

जनकपुर, १७ वैशाख। २३ र २४ भदौको जेनजी आन्दोलनपछि देशमा सुशासनको कुरा जोडतोडले उठ्यो। जसअनुसार, विगतका बेथिति र भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्ने प्रतिबद्धतासहित बालेन शाह अघि बढेको छ। मुलुकमा सुशासनको बहस चलिरहेका बेला मधेश सरकार भने विगतकै बेथितिको बाटोमा हिँड्न छोडेको छैन। नेपाली कांग्रेसबाट मधेश प्रदेशको मुख्यमन्त्री बनेका कृष्णप्रसाद यादव नेतृत्वको गठबन्धन सरकार अझै उल्टो बाटोमा छ।

मधेश प्रदेश सरकार मातहतका कार्यालयमा कानुनतः काम गर्ने कर्मचारीलाई डाम्ने, कनिष्ठलाई जिम्मेवारी दिएर वरिष्ठलाई थन्क्याउने, आफ्नो स्वार्थअनुकूल काम गर्ने/गराउनेलाई काखी च्याप्ने प्रवृत्ति कायम छ। मधेश प्रदेशमा ठेक्काभन्दा उपभोक्ता समितिबाट हुने कामलाई प्राथमिकता दिने, प्रत्यक्ष लाभका लागि उपभोक्ता समितिको चिठी वितरण गर्ने काम जारी छ। मधेश सरकार उल्टो बाटोमा हिँडेको पुष्टि गर्न उसका पछिल्ला निर्णय र मातहत निकायका घटनाक्रम उदाहरणका लागि पर्याप्त छन्।

**घटना १:**

गत ९ वैशाखको मन्त्रिपरिषद् बैठकले वरिष्ठ कर्मचारीलाई थन्क्याउने र कनिष्ठलाई जिम्मेवारी दिने निर्णय गरेको छ। संघीय सरकारको प्रशासन सेवातर्फका सहसचिव वीरेन्द्रकुमार मिश्रलाई मधेश प्रदेश जनलोकपाल आयोगमा सरुवा गरिएको छ। पछिल्लो समय उक्त कार्यालय कर्मचारी थन्क्याउने स्थल बनेको छ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले चार वर्षअघि स्थापना भएको उक्त आयोगमा पदाधिकारी तथा कर्मचारी बसेर सेवा–सुविधा तथा तलब खाने बाहेक उपलब्धि लायक केही काम गरेको छैन। त्यस कार्यालयमा सचिवका रूपमा मिश्रलाई थन्क्याइएको छ। तर लोकसेवा आयोगको निमित्त सचिवको जिम्मेवारी आयोगमै रहेका कनिष्ठ उपसचिव (दशौं) चिरञ्जीवी गौतमलाई दिने निर्णय गरिएको छ।

लोकसेवा आयोगका अध्यक्षअनुकूल हुने काम नगरेपछि मिश्रलाई त्यहाँबाट जनलोकपाल आयोगमा सरुवा गरिएको मुख्यमन्त्री कार्यालयका एक कर्मचारी बताउँछन्।

**घटना २:**

श्रम तथा यातायात मन्त्रालयका सचिव युवराज अधिकारीलाई मुख्यमन्त्री कार्यालयमा तानिएको छ। संघीय सरकारका सहसचिव अधिकारीलाई मुख्यमन्त्री कार्यालयमा अतिरिक्त रूपमा राखिएको छ। उनको स्थानमा श्रम तथा यातायात मन्त्रालयमा निमित्त सचिवको जिम्मेवारी उपसचिव (दशौं) रञ्जित यादवलाई दिने निर्णय क्याबिनेटले गरेको छ।

उपसचिव यादव समाज कल्याण तथा खेलकुद मन्त्रालयका निमित्त सचिव थिए। समाज कल्याण मन्त्रालयको निमित्त सचिवमा उद्योग विभाग वीरगञ्जका प्रमुख ११औं तहका कर्मचारी सुशील साहलाई जिम्मेवारी दिइएको छ।

**घटना ३:**

पूर्वाधार विकास कार्यालय सप्तरीका कार्यालय प्रमुख सीडीई (नवौं) कृष्णदेव झाको वैशाख दोस्रो साता काज सरुवा भयो। मधेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले झालाई पूर्वाधार विकास निर्देशनालयमा सरुवा गरेको छ। तर मन्त्रालयले उनको स्थानमा पूर्वाधार कार्यालयमा निमित्त प्रमुखको जिम्मेवारी त्यहीँका आठौं तहका इन्जिनियर राहुल झालाई दिएको छ।

मन्त्रालयका निमित्त सचिव सञ्जयकुमार साह त्यहाँ विकासको कामले गति नलिएको, काम अघि नबढेको भन्दै गुनासो र अख्तियारबाट पत्रसमेत आएपछि काज सरुवा गरिएको तर्क गर्छन्। 'कार्यालय प्रमुखले काम गरेनन्, विकासको काम अलपत्र पऱ्यो भनेर अख्तियारबाट पत्र र स्थानीयको गुनासो आएको थियो। त्यस विषयमा मन्त्री र सांसदहरूसँग छलफल गरेर सीडीई झाको काज सरुवा गरिएको हो,' उनले भने।

**घटना ४:**

पूर्वाधार विकास कार्यालय महोत्तरीले कानुनी प्रक्रियाअनुसार २५ लाख रुपैयाँसम्मका योजनाको काम अगाडि बढाउन २२ चैतमा १५ पालिकाका सबै वडा कार्यालयमा २५८ वटा उपभोक्ता समिति गठनको पत्र पठायो। पारदर्शिता कायम गर्न कार्यालयले ती सबै चिठी आफ्नो वेबसाइटमै राखेर सार्वजनिक गरेको थियो। विगतमा मधेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत रहेका पूर्वाधार कार्यालयहरूबाट मन्त्री, सांसद, तिनका नेता–कार्यकर्ता तथा बिचौलियाले उपभोक्ता समितिको चिठी मनपरी ढंगले आफैं बुझ्ने प्रवृत्ति थियो।

**मधेश मुख्यमन्त्री कार्यालय गृहमा सारियो**

त्यसलाई नियन्त्रण गर्न कार्यालय प्रमुख सीडीई कार्तिकेश झाले चिठी सिधै वडामा पठाउने र कार्यालयको वेबसाइटमा पारदर्शी गर्ने नीति लिएर कदम चालेका थिए। यो कदमले मधेश सरकारसँगै मातहतका निकायमा दबाब पुग्ने विश्वास लिइएको थियो। यसकारण झाले धेरै सांसद, आसेपासे कार्यकर्ताको धम्कीसमेत खेपे। तर कानुनी प्रक्रियामा टसमस भएनन्। तर उनको यो राम्रो कदमको मधेश सरकारले सहयोग त गरेन, उल्टै कारबाहीस्वरूप तीन दिनपछि चैत २५ गते उनको सरुवा गरियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सीडीई झालाई प्रादेशिक तथा स्थानीय तह सुधार आयोजना, प्रादेशिक योजना कार्यान्वयन इकाइ, जनकपुरमा सरुवा गरेको थियो। पारदर्शी तरिकाले उपभोक्ता समितिको चिठी वितरण गर्दा सीडीई झा तानिए। उनी वैशाख ४ गते रमाना बुझेर ७ गते सरुवा भएको ठाउँमा हाजिर भइसकेका छन्।

**घटना ५:**

उपभोक्ता समितिको चिठी अनियमित बिक्री–वितरणविरुद्ध अडान लिएका पूर्वाधार कार्यालय महोत्तरीका सीडीई झा सरुवापछि रमाना लिएर हाजिर भइसकेका छन्। तर मुख्यमन्त्री, मन्त्री र सांसदको स्वार्थअनुसार चिठी वितरण गर्ने पूर्वाधार कार्यालय रौतहटका प्रमुख र बाराका निमित्त प्रमुखले भने सरुवा भएको महिनौंसम्म रमाना बुझेका छैनन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले माघ २ गते बारामा कार्यरत निमित्त प्रमुख (राजपत्रांकित तृतीय श्रेणी) इन्जिनियर राजेन्द्र साह र माघ ४ गते पूर्वाधार विकास कार्यालय रौतहटमा प्रमुखका रूपमा कार्यरत सिनियर डिभिजनल इन्जिनियर ( राजपत्रांकित द्वितीय श्रेणी) दीपककुमार मिश्रको सरुवा गऱ्यो। दुवै जनालाई शहरी विकास मन्त्रालयअन्तर्गत सरुवा गरियो। तर दुवैले बुधबारसम्म रमाना बुझेका छैनन्।

बाराका निमित्त प्रमुख साह वर्षौंदेखि त्यहाँ छन्। उनी भ्रष्टाचार मुद्दामा परेका र विवादित पृष्ठभूमिका कर्मचारी हुन्। तर सरकार वर्षेनी वरिष्ठ कर्मचारीलाई पाखा लगाएर साहलाई निमित्त प्रमुखको जिम्मेवारीमा राखेर काखी च्यापेका छन्। उनी संघका कर्मचारी हुन्। जबकि, प्रदेश निजामती ऐन २०७७ मा कार्यालय प्रमुखमा सरुवा पदस्थापन गर्दा प्रदेश निजामती सेवाका कर्मचारीलाई प्राथमिकता दिने उल्लेख छ।

मन्त्रालय स्रोतका अनुसार सरुवा भइसकेका दुवै कर्मचारीलाई मधेश सरकारले चालु आर्थिक वर्षको असार मसान्तसम्म राख्ने नीति लिएको थियो। तर यो खबर सार्वजनिक गरेपछि रमाना बुझ्न भौतिक पूर्वाधार मन्त्रालयले दबाब दिएको छ। 'दुवैजनालाई रमाना बुझ्न ताकेता भएको छ। आज वा भोलिसम्म रमाना बुझ्नु हुन्छ,' मन्त्रालयका निमित सचिव साहले भने।

पछिल्ला यी घटनाक्रमले मधेश सरकार विगतका बेतिथि तथा भ्रष्टाचार नियन्त्रण गर्नेभन्दा निरन्तरता दिने बाटोमा रहेको देखिन्छ। मुख्यमन्त्री कार्यालयका एक कर्मचारी सरकार सच्चिनेभन्दा बाँकी समयलाई आफ्नो स्वार्थमा प्रयोग गर्ने अन्तिम अवसरको रूपमा प्रयोग गरिरहेको बताउँछन्। 'संघ सरकार सुशासनको बाटोमा छ। तर मधेश सरकार उल्टो बाटोमा। नभए यस्ता निर्णयहरू किन गर्थे र ?,' ती कर्मचारी प्रश्न गर्छन्।

## दृष्टि गुमाएकाहरूको ...

चौधरीले हर्षित हुँदै भन्नुभयो, “अब संसार फेरि सफा देख्न पाउने भएँ। विस्तारै सबै दुःख बिर्सिंदै जानेछु।”

**मोतियाविन्दुमुक्त नगरको सपना**

नगरपालिकाले विगत तीन वर्षदेखि अस्पतालसँग सम्झौता गरी यो अभियानलाई निरन्तरता दिँदै आएको छ। नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार लहानलाई ‘मोतियाविन्दुमुक्त नगर’ बनाउने लक्ष्यका साथ यो कार्यक्रम अघि बढाइएको हो। “हाम्रो नगरमै एसियाकै उत्कृष्ट र आधुनिक प्रविधिसहितको सगरमाथा चौधरी आँखा अस्पताल छ। यति नजिकै सुविधा हुँदाहुँदै पनि हाम्रा नागरिक पैसाको अभावमा अन्धोपनमा बस्नुपर्नु निकै दुःखद कुरा हो,” नगरप्रमुख चौधरीले भन्नुभयो, “त्यसैले ‘कोही पनि नगरवासीले आर्थिक अभावका कारण ज्योति गुमाउनु नपरोस्’ भन्ने उद्देश्यले हामीले शिविरका सबै खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरेका हौँ।”

उहाँका अनुसार चालु आर्थिक वर्षमा मात्रै नगरपालिकाका २४ वडामध्ये १५ वटामा शिविर सम्पन्न भइसकेको छ।

**तथ्याङ्कमा अभियानको प्रभाव**

लहान नगरपालिका र सगरमाथा चौधरी आँखा अस्पतालबीचको साझेदारी केवल एउटा औपचारिक कार्यक्रममा मात्र सीमित नभई दृष्टिविहीनता विरुद्धको एक सशक्त महाअभियानका रूपमा अगाडि बढेको नगरप्रमुख चौधरीले बताउनुभयो। नगरपालिकाले चालेको ‘मोतियाविन्दुमुक्त नगर’ बनाउने अठोटका कारण पछिल्ला वर्षहरूमा हजारौँ विपन्न नागरिकको जीवनमा उज्यालो फर्किएको उहाँको भनाइ छ।

सगरमाथा चौधरी आँखा अस्पतालका शिविर संयोजक राजकुमार राउतका अनुसार पछिल्ला तीन आर्थिक वर्षमा यस सहकार्यले उत्साहजनक सफलता हासिल गरेको छ। यहाँ सञ्चालन गरिएका विभिन्न शिविरमार्फत हालसम्म १७ हजारभन्दा बढी नगरवासीको निःशुल्क आँखा जाँच गरिएको छ। ती शिविरहरूमा मोतियाविन्दु पहिचान भएका करिब दुई हजार ५०० विपन्न बिरामीहरूको निःशुल्क शल्यक्रिया सम्पन्न गरिएको संयोजक राउतले जानकारी दिनुभयो।

यस्तै, दृष्टिमा समस्या भएका आठ हजारभन्दा बढी व्यक्तिलाई निःशुल्क चस्मा तथा औषधि उपलब्ध गराइएको छ। लहानमा अवस्थित यस अस्पतालले स्थानीय स्तरमा मात्र नभई अन्तरराष्ट्रिय स्तरमै आफ्नो पहिचान बनाएको छ। अस्पताल प्रशासनका अनुसार यहाँ नेपालका विभिन्न जिल्ला र छिमेकी देश भारतबाट समेत गरी वार्षिक रूपमा करिब २५ लाख आँखाका बिरामीहरूले विशेषज्ञ सेवा प्राप्त गर्दै आएका छन्।

शिविर संयोजक राउत भन्नुहुन्छ, “हामीसँग दक्ष जनशक्ति र विश्वस्तरीय आधुनिक प्रविधि छ। विभिन्न स्थानीय तहसँगको समन्वयमा सञ्चालन हुने यस्ता शिविरहरूले अस्पतालसम्म आउन नसक्ने दुर्गम र विपन्न बस्तीका नागरिकहरूलाई प्रत्यक्ष फाइदा पुर्‍याइरहेको छ।” नगरप्रमुख चौधरीको नेतृत्वमा अघि बढाइएको यो अभियानले आर्थिक रूपमा अति विपन्न र पछाडि पारिएका हरि सदा र हिरा चौधरी जस्ता सयौँ ज्येष्ठ नागरिकलाई नयाँ जीवन दिएको छ।

## वडासदस्यसहित ...

अदालतका मुख्य न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीको एकल इजलासले आंशिक अभियोग दाबी पुग्ने फैसला सुनाएको अदालतका सूचना अधिकारी तथा प्रशासकीय अधिकृत राधेश्याम यादवले बताए। उनका अनुसार घटनामा संलग्न नाबालकहरू ०८१ लहान (ण११), ०८१ लहान (ण१), ०८१ लहान (ण६)सहित पञ्चायतमा संलग्न नवराजपुर–१ का वडासदस्य नथुनी साह, रामकृपाल मण्डल, बिन्देश्वर साह, कारी भन्ने करिया मुसहर, रामदेव सदाय, रामपुकार मण्डल, बौका डाक्टर भनिने रामनारायण दास तत्मा, किसुनदेव दास तत्मा, रामसेवक साह, रामप्रितसाह तेली, भगत सदाय दोषी ठहर भएका हुन्। दोषी ठहर भएकाहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८५ को उपदफा १ को कसुरमा उपदफा २ बमोजिम जनही ६ महिना कैद र पाँच हजार रुपैयाँ जरिवानाको फैसला सुनाइएको उनले बताए।

संहिताको दफा २२७ क को उपदफा १ को कसुरमा उपदफा २ बमोजिम जनही चार महिना कैद र चार महिना कैद हुनेमा निजहरूले दफा ४३ (१) बमोजिमको कसुर गरेको ठहर गर्दै दफा ४३ (२) बमोजिम जनही आठ महिना कैद र सात हजार रुपैयाँ जरिवानाको फैसला सुनाइएको छ। त्यसका अतिरिक्त प्रतिवादी वडासदस्य साहले दफा २२७ क (३) बमोजिम उक्त सजायमा थप ६ महिना कैद सजाय हुने, संहिताको दफा १८६ र २२८ बमोजिम प्रतिवादीहरूबाट जनही ३५ हजार रुपैयाँ पीडितको हकवालालाई भराइदिन र वडासदस्यले चार सय तथा अन्य प्रतिवादीहरूले जनही दुई सय रुपैयाँ क्षतिपूर्ति शुल्क बुझाउनुपर्ने फैसला भएको छ।

## स्वास्थ्य...

छौं।''

लहान नगरपालिकामा रहेको २४ वटा वडामध्ये २३ वटा वडा कार्यालयमा अधिकांश निर्माण भइसकेका छन्। केही वडाहरुमा निर्माण कार्य भइरहेको छ। वडा नम्बर ६ सहरी क्षेत्रका वडा भवन निर्माण गर्न ऐलानी जग्गा नभएकाले निर्माण कार्य अघि नबढेको नगरप्रमुख चौधरीले जानकारी गराउनुभयो।

# फोहरका कारण जनकपुरमा टिक्न सक्दैनन् पर्यटक



नवीन प्रियदर्शी

जनकपुरधाम, १७ वैशाख। धार्मिक तथा ऐतिहासिक स्थल जनकपुरधाममा दैनिक हजारौँको संख्यामा स्वदेशी तथा विदेशी पर्यटक आउने गरेका छन्। विशेषगरी राम तथा जानकी मन्दिरमा आउने श्रद्धालुको संख्या उल्लेख्य हुन्छ। तीमध्ये अधिकांश पर्यटक केही घण्टामै जनकपुरबाट बाहिरिने गरेका छन्। साँझपख आइपुगेका पर्यटकबाहेक बिहानदेखि मध्याह्नसम्ममा आएका अधिकांश पर्यटक साँझ पर्नासाथ जनकपुरबाट बाहिरिसकेका हुन्छन्। यसले गर्दा पर्यटन क्षेत्रबाट जनकपुरधामले खासै उपलब्धि हासिल गर्न सकेको छैन।

जनकपुरधाममा ५२ कुटी र ७२ कुण्ड रहेको विभिन्न ग्रन्थमा उल्लेख छन्। यी कुटी र कुण्ड केवल धार्मिक संरचनामात्र होइनन्, जनकपुरको पहिचान र गौरवका प्रतीक हुन्। ती सम्पदाहरू संरक्षण र व्यवस्थापनको अभावमा संकटमा परेका छन्। ७२ कुण्डमध्ये धेरै हराइसकेका छन भने बाँकी रहेका कुण्ड पनि अस्तव्यस्त र उपेक्षित अवस्थामा छन्। गंगा सागर, धनुष सागर, दुधमती, अग्निकुण्ड, बिहार कुण्ड, दशरथ सागर, अर्गजा सागरजस्ता धार्मिक कुण्डहरूमा दैनिक श्रद्धालु स्नान र दर्शनका लागि पुग्छन्। धार्मिक मान्यता अनुसार यी कुण्डमा स्नान गर्दा पाप क्षय हुने जनविश्वास छ। तर कुण्डहरूको अवस्था हेर्दा श्रद्धालुहरू निराश हुने गरेका छन्। पानी फोहोर, दुर्गन्धित, सरसफाइको अभाव र उचित संरक्षण नहुँदा धेरैजसो श्रद्धालु ती कुण्ड तथा सागरमा नुहाउन सक्दैनन्।

महाराष्ट्रबाट पहिलोपटक जनकपुरधाम आएका श्रद्धालु रमेश सर्राफले भने, ‘पहिलोपटक जानकीजीको दर्शन गर्न आएँ। माता जानकीको जन्मथलो हेर्न मन लागेको थियो। कस्तो होला भन्ने उत्सुकता लिएर हामी यहाँ आएका थियौँ, तर यहाँको अव्यवस्थित अवस्था देखेर मन दुख्यो। सरकारले व्यवस्थित गर्नुपर्छ। जनकपुर घुम्दा फोहर देखियो, मच्छरले दिनमै सतायो। बस्ने मन हुँदाहुँदै पनि बस्न सक्ने अवस्था देखिएन।’ जानकी मन्दिर परिसरमा समेत खानेपानी, शौचालय, जुत्ता–चप्पल राख्ने उचित व्यवस्था छैन। मन्दिर परिसर वरिपरि फोहरको थुप्रो देखिन्छ। दर्शन गर्न आउने श्रद्धालुहरूका लागि आधारभूत सुविधा नहुँदा उनीहरूलाई असहज महसुस हुने गरेको छ।

जनकपुरधाम केवल जानकी मन्दिरमै सीमित छैन। मिथिला संस्कृति, सन्तहरूको ज्ञानको तपोस्थल र मिथिला परिक्रमाको पनि विशेष महत्त्व छ। हिन्दु धर्मावलम्बीहरू वर्षौंदेखि मिथिला परिक्रमा गर्दै आएका छन्। यद्यपि परिक्रमा मार्गमा देखिएको दृश्यले धार्मिक भावनामाथि चोट पुर्‍याइरहेको छ। परिक्रमा मार्गको छेउछाउमा मदिरा पसल र माछामासु पसल खुलेआम सञ्चालनमा छन्। धार्मिक यात्रामा निस्किएका श्रद्धालुहरू नाक छोपेर हिँड्न बाध्य हुने अवस्था छ।

भारतको अयोध्याबाट आएका सन्त रामदास बाबाले भने, ‘यो धार्मिक स्थल हो। परिक्रमा वरिपरि यस्ता क्रियाकलाप हुनु हुँदैन। यसले धर्मप्रतिको आस्था र परिक्रमाप्रतिको श्रद्धामा आघात पुर्‍याउँछ।’ परिक्रमा मार्गमा मदिरा तथा मासु पसल नराखियोस् भनेर जनकपुरका युवा तथा विभिन्न संघ–संस्थाहरूले बारम्बार आवाज उठाउँदै आएका छन्, तर त्यो माग कार्यान्वयन भएको देखिँदैन। विवाह पञ्चमीका बेला केही दिन बन्द भए पनि अरु समयमा यस्ता पसलहरू खुलेआम सञ्चालन हुने गरेका छन्।

गौ संरक्षण मञ्चका राष्ट्रिय अध्यक्ष जगदीश महासेठले भने, ‘मैले पटक–पटक जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारलाई ज्ञापनपत्र बुझाएँ। कमसे कम परिक्रमा मार्गमा यस्ता क्रियाकलाप नहोस् भन्ने हाम्रो माग हो, तर तीन वटै तहका सरकारले हाम्रो कुरा सुनेको छैन।’ उनका अनुसार धार्मिक सहरको मर्यादा, मिथिला संस्कृति, आध्यात्म जोगाउन प्रशासनले गम्भीरता देखाउनुपर्ने बेला आएको छ। उनले भने, ‘जनकपुरधाममा ७२ कुण्ड र ५२ कुटी छन्। यसलाई संरक्षण र सम्बर्द्धन गरेर धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गर्नुपर्छ।’

जनकपुरधामको विशेषताबारे उचित प्रचारप्रसार आवश्यक रहेको उनले बताए। फोहर व्यवस्थापनमा पनि स्थानीय सरकारसँग प्रदेश सरकार सहकार्य गर्न तयार रहेको उनको भनाइ छ। जनकपुरमा दैनिक हजारौँ पर्यटक आउने गरे पनि आफूहरूलाई कुनै फाइदा नभएको होटल व्यवसायीहरू बताउँछन्। होटल व्यवसायी संघ नगर अध्यक्ष रुपेश सिंहले भने, ‘यहाँ पर्यटक नबस्ने मुख्य कारण बाटो फोहर, ट्राफिक व्यवस्थापन उचित नभएको र जनकपुरको मौलिकताको परिचयको अभाव हो। खाली जानकी मन्दिर दर्शन गरेर फर्किन्छन्। जनकपुरमा यस्ता धेरै कुरा छन्, जसले पर्यटकलाई आकर्षण गर्न सक्छ। मिथिला पहिरन, मिथिला भोजन, मिथिला कला संस्कृति झल्काउने कुराको अभाव छ।’

जनकपुरधाममा धार्मिक पर्यटनसँगै सांस्कृतिक पर्यटनको सम्भावना पनि उत्तिकै छ, तर त्यसलाई व्यवसायिक ढंगले प्रस्तुत गर्न सकिएको छैन। जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले भने, ‘जनकपुरको आर्थिक विकास पर्यटनसँग जोडिएको छ। यहाँ पर्यटक आएर बस्ने वातावरण बनाउनुपर्छ। धार्मिक सम्पदाको संरक्षण, बजार व्यवस्थापन, ट्राफिक सुधार, सरसफाइ र स्थानीय मौलिकताको प्रवर्द्धन अत्यावश्यक छ।’

उद्योग, व्यापार र पर्यटन एकअर्कासँग जोडिएका क्षेत्र भएकाले पर्यटक बस्न थालेको खण्डमा जनकपुरको अर्थतन्त्रमा ठुलो परिवर्तन आउने भण्डारीको भनाइ छ। भण्डारी भण्डारीले भने, ‘जनकपुर प्रवेशद्वारमै धार्मिक र सांस्कृतिक पहिचान झल्किने संरचना निर्माण गर्नुपर्ने आवश्यकता छ, जसले यहाँ आउने पर्यटकलाई पहिलो नजरमै जनकपुरको विशेषता बुझाउन सकोस्।’ स्थानीय पत्रकार तथा बुद्धिजीवीहरू पनि जनकपुरको मौलिक पहिचान स्थापित गर्न एकीकृत अभियान आवश्यक रहेको बताउँछन्। नियमित सफाइ, खानेपानी र शौचालयको व्यवस्था, परिक्रमा मार्गको शुद्धता, ट्राफिक सुधार, धार्मिक तथा सांस्कृतिक सूचना प्रणाली, स्थानीय मौलिकताको प्रचार र महँगी नियन्त्रणमा काम गर्न सके पर्यटकलाई जकपुरमा टिकाउन सकिने उनीहरूको भनाइ छ।

# उद्यमी–व्यवसायीद्वारा जाँच पासमा असहयोग, राजस्व संकलन प्रभावित

पर्सा, १७ वैशाख। उद्यमी–व्यवसायी जाँचपास प्रक्रियामा सहभागी नहुँदा वीरगञ्ज भन्सारलगायत मुलुकका विभिन्न भागमा अवस्थित भन्सार कार्यालयबाट राजस्व संकलन प्रभावित भएको छ। वीरगञ्ज भन्सार कार्यालयले आयातीत एवं निर्यात गरिने सामग्रीको अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्न खोज्दा दुई दिनदेखि आयात तथा निर्यातकर्ता भन्सार जाँचपास प्रक्रियामा सहभागी भएका छैनन्।

आयातकर्ता भन्सार जाँचपास गर्न फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका प्रक्रियागत कार्यमा सरिक नहुँदा भन्सार जाँचपास रोकिएको हो। उद्यमी–व्यवसायीको असहयोगका कारण राजस्व सङ्कलन प्रभावित भएको छ। वीरगञ्ज भन्सार कार्यालयका प्रमुख कृष्णप्रसाद मैनालीका अनुसार आयात–निर्यातकर्ताले जाँचपासको फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका काममा सरिक नहुँदा जाँचपास रोकिएको हो।

सरकारको हालैको निर्णयअनुसार भन्सार विन्दुमा आएका सबै किसिमका

–बाँकी अन्तिम पेजमा

# उखुको जुस बेच्दै आत्मनिर्भर बन्दै युवा



गोपालप्रसाद बराल

महोत्तरी, १७ वैशाख। मधेस क्षेत्रमा दिनप्रतिदिन बढ्दो गर्मीसँगै उखुको जुस (रस) को व्यापार फस्टाएको छ। महोत्तरीका चोकबजार क्षेत्रमा विशेषगरी विदेशबाट फर्किएका युवाले यो व्यवसाय गरी स्वदेशमै आत्मनिर्भर बन्न थालेका छन्। यो व्यवसाय गरेर आत्मनिर्भर बन्नेहरूमध्ये हुनुहुन्छ, मलेसिया र साउदी अरब गरेर चार वर्ष बिताएर स्वदेश फर्किनु भएका सर्लाही ईश्वरपुर–१ का महम्मद अफजल। उहाँ हाल महोत्तरीको बर्दिबास चोकमा उखु पेलेर जुस बेच्ने गर्नुहुन्छ। अफजल भन्नुहुन्छ, “चार वर्ष विदेशमा गएर पसिना बगाइयो। अबचाहिँ ढुक्कले यहीँ काम गर्ने निधो गरेको छु। पछिल्ला तीन वर्षदेखि रिक्सा चलाउँदै जुस बेच्दै यसैबाट परिवारमा शिक्षादिक्षा र लालनपालन सहज बनेको छ।”

उहाँको परिवारमा चार छोरी, पत्नी गरी छ जना छन्। परिवारको भविष्यका लागि विदेशीन बाध्य अफजलले त्यहाँ गएर पनि सोचेजस्तो भएन। त्यसैले स्वदेशमै फर्किएर काम गर्न थालेको उहाँको भनाइ छ। “विदेश जाँदा लागेको ऋणले थिचिएको थिएँ, अहिले यहीको कमाइले सबै तिरिसकेँ”, उहाँ भन्नुहुन्छ, “राम्रो सीप भएका दक्ष व्यक्तिलाई उता राम्रो होला, तर हामीजस्ता श्रम गरेर बाँच्नेलाई आफ्नै देशमा कुनै व्यवसाय गर्नु नै उपयुक्त हुने रहेछ। आफ्नै देशमा रोजाइको काम गर्दा कसैको हेपाइ पनि सहनु पर्दैन।”

धनुषाको मिथिला–१ का जगदीश साह पनि उखुको जुसको व्यापारबाट सन्तुष्ट हुनुहुन्छ। “अब विदेश जाने सोच नै छैन, धेरै दुःख भोगियो”, उहाँ भन्नुहुन्छ, “दुई वर्षदेखि यो काम गर्न थालेपछि सानो–ठूलो खर्चका लागि कसैसँग हात थाप्नुपरेको छैन। परिवारसँगै बसेर काम गर्न पाउँदा विदेशको पीडा बिस्तारै बिर्सिंदै गएको छु।” मध्य वैशाखसँगै यहाँ गर्मी पनि बढ्दैछ। गर्मीसँगै यहाँ जुसको व्यापार पनि फस्टाउँदै छ। बर्दिबास चोकमै जुस बेचिरहनुभएका गौशाला–५ का मोहम्मद नासिरका अनुसार दिनभरि जुस बेच्दा रु तीन हजारभन्दा बढीको व्यापार हुन्छ, जसबाट करिब रु दुई हजार बचत हुने गरेको छ।

उखुको जुसको व्यापार वर्षभरि चल्ने भए पनि गर्मीयाममा यसको माग अत्यधिक बढ्ने व्यापारीहरू बताउँछन्। “गर्मीमा उखुसँगै तुलसी र पुदिनाको पात मिसाएर जुस बनाउँछौँ, बरफ हालेर चिसो बनाउँदा ग्राहकले निकै मन पराउँछन्”, नासिर भन्नुहुन्छ। गौशाला–५ का व्यापारी मोहम्मद साबिर बढ्दो तापक्रमसँगै जुसको माग पनि बढ्ने गरेको बताउनुहुन्छ। “जति गर्मी बढ्छ, जुस त्यति नै बढी बिक्छ। बेलाकै व्यापार हो, ग्राहकलाई जुस दिन भ्याइनभ्याइ हुन्छ।”

महोत्तरीको बर्दिबास क्षेत्रमा मात्रै हाल करिब ३०–३५ जना यस व्यवसायमा संलग्न छन्। जलेश्वर, रामगोपालपुर, पिपरा, मटिहानी, सीतापुर बजार, औरही, गौशाला, सम्सी र लोहारपट्टीलगायत बजार क्षेत्रमा पनि उखुको जुसको व्यापार बढ्दो छ। यस व्यवसायमा संलग्नमध्ये धेरैजसो विदेशबाट फर्किएकाहरू छन्। “विदेशमा ज्यान जोखिममा राखेर काम गर्नुभन्दा आफ्नै देशमा पसिना बगाउनु राम्रो हो”, अफजल भन्नुहुन्छ, “त्यहाँ धेरैले भनेको काम नपाएर दुःख पाइरहेका देख्दा मन दुख्छ।”

धेरैजसो युवाहरू आफ्नो नजिकको ठाउँभन्दा छिमेकी बजारमा व्यापार गर्न जाने गरेका छन्। सर्लाहीका विवेक कुशवाहा भन्नुहुन्छ, “आफ्नै ठाउँमा भन्दा अलि पर खुलेर काम गर्न पाइन्छ, त्यसैले बर्दिबास रोजेको हुँ। यो व्यवसायबाट राम्रो आम्दानी भइरहेको छ। अन्य साथीलाई पनि यसमा लाग्न प्रेरित गरिरहेको छु।” करिब रु दुई लाख रुपैयाँ लगानीमा ठेला र मोटर जडान गरेर यो व्यवसाय सुरु गर्न सकिने व्यापारीहरूको अनुभव छ। उखु उधारोमा किनेर जुस बिक्रीबाट रकम तिर्न सकिने हुँदा पनि यो पेसा सहज बनेको छ। महोत्तरी, सर्लाही र धनुषामा उखुखेती प्रशस्त भएकाले कच्चा पदार्थको अभाव छैन।

स्वास्थ्यकर्मीका अनुसार उखुको रस ऊर्जादायी र स्वास्थ्यका लागि लाभदायक पेय हो। कुनै कृत्रिम पदार्थ मिसाउन नपर्ने भएकाले गर्मीयाममा यसको माग बढ्ने गरेको वरिष्ठ जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाको भनाइ छ। व्यापार राम्रो भए पनि सडकमा डुल्दै व्यापार गर्दा नगरपालिकाका कर्मचारीबाट अवरोध हुने गुनासो गरेका छन्। “हामी सडक छेकेर बस्दैनौँ, डुल्दै व्यापार गर्छौँ, तर पनि रोक्ने र दुःख दिने गरिन्छ”, व्यापारीले भन्ने गरेका छन्।

यस विषयमा बर्दिबास नगरपालिकाले भने व्यापार रोक्ने वा दुर्व्यवहार गर्ने जस्ता घटना नभएको स्पष्ट पारेको छ। “महेन्द्र राजमार्ग विस्तारको काम भइरहेकाले अव्यवस्थित पार्किङ रोक्न सूचना जारी गरेका हौँ, त्यसबाहेक नियमानुसार काम गर्ने स्वरोजगारमूलक काम गर्ने व्यवसायीलाई समस्यामा पार्ने कुनै नीति छैन” प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले बताउनुभयो।

# महोत्तरीमा बधशाला अभाव, प्रदूषित मासु उपभोग बाध्यता

**अजय शाह**

महोत्तरी, १७ वैशाख। महोत्तरीको गौशालालगायतका क्षेत्रमा व्यवस्थित बधशालाको अभावका कारण स्थानीय बासिन्दा प्रदूषित मासु उपभोग गर्न बाध्य भएका छन्। अव्यवस्थित रूपमा सञ्चालन भइरहेका पशु बधशालाका कारण आसपासका क्षेत्रमा दुर्गन्ध फैलिँदा स्थानीय बासिन्दा विभिन्न रोगको जोखिममा परेका छन्। प्रदूषणपीडित गौशालाकी स्थानीय अनिता थापाका अनुसार बधशालाको अनियमितताविरुद्ध बोल्दा पनि मासु व्यवसायीले बेवास्ता गर्ने गरेका छन् भने नगरपालिकाले समेत प्रभावकारी ध्यान नदिएको गुनासो छ।

वर्षौंदेखि अव्यवस्थित मासु उपभोग गर्न बाध्य गौशालावासी दुर्गन्ध र फोहोरबाट समेत हैरान भएका छन्। स्वास्थ्य मापदण्डविपरीत सञ्चालनमा रहेका मासु पसलहरूको नियमित अनुगमन नहुँदा उपभोक्ता मारमा परेको स्थानीयको भनाइ छ। सडकपेटीमै काटमार गरी खुला रूपमा सञ्चालन गरिएका पसलका कारण बजारसमेत फोहोर र दुर्गन्धित बनेको छ। सरकारले स्वस्थ मासु बिक्री–वितरणका लागि मापदण्ड तोकेको भए पनि गौशाला, औरही, रामगोपालपुरलगायतका अधिकांश क्षेत्रमा मासु पसलहरू मापदण्डविपरीत सञ्चालनमा छन्।

पशु बधशाला र मासु जाँचसम्बन्धी नियमावली अनुसार महोत्तरीमा व्यवस्थित बधशाला तथा मापदण्डअनुसारका मासु पसल अत्यन्त न्यून छन्। अधिकांश पसलमा सरसफाइको अभावका कारण गुणस्तरहीन मासु बिक्री भइरहेको छ। मासु व्यवसायीहरू पनि नगरपालिकाबाट नियमित अनुगमन नहुँदा अव्यवस्थित रूपमा व्यवसाय सञ्चालन गर्न बाध्य भएको बताउँछन्। नियमनकारी निकायको कमजोरीका कारण समस्या झनै बढ्दै गएको उनीहरूको भनाइ छ। औरही नगरपालिका–१ का मासु व्यवसायी जाबिर लहेरीले बजारमा मासु पसल सञ्चालनसम्बन्धी मापदण्डबारे आफूलाई स्पष्ट जानकारी नभएको बताउनुभयो। कहिलेकाहीँ अनुगमन भए पनि ठोस निर्देशन नपाएको उहाँको भनाइ छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मधेश प्रदेशका अनुसार प्रदेशभर वार्षिक करिब ४७ हजार ३५९ मेट्रिक टन मासु उत्पादन र उपभोग हुने गरेको छ। वरिष्ठ पशु चिकित्सक डा. संजीव कुमार ठाकुरका अनुसार सरसफाइ, फोहोर व्यवस्थापन, बधस्थल तथा औजारको उचित प्रयोग नहुँदा उपभोक्ताको स्वास्थ्यमा जोखिम बढिरहेको छ। उहाँका अनुसार अस्वस्थ मासु सेवनले विभिन्न रोगको जोखिम बढाउने सम्भावना उच्च छ। स्थानीय सञ्चारकर्मी धर्वेन्द्रकुमार यादवका अनुसार सडकमै जथाभाबी काटमार गरी मासु बिक्री गर्दा पनि सम्बन्धित निकायले प्रभावकारी अनुगमन गरेको छैन।

गौशाला नगरपालिकाका प्रमुख डा. दिपेन्द्र महतोले मापदण्डअनुसार व्यवसाय सञ्चालन गराउनु सबैको दायित्व भएको भन्दै अनुगमनलाई प्रभावकारी बनाइने बताउनुभयो। सरकारले पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ र नियमावली, २०५७ बनाए पनि कार्यान्वयन कमजोर हुँदा कागजमै सीमित भएको छ। नियमन कमजोर हुँदा व्यवसायीहरूले सडक र खुला ठाउँमै मासु बिक्री–वितरण गर्दै आएका छन्।

# रौतहटमा अलपत्र परेका पुल देखेपछि सांसदले भने– अब कुनै पनि बहाना हुँदैन

रौतहट, १७ वैशाख। रौतहट निर्वाचन क्षेत्र नं ३ मा बन्ने आधा दर्जनभन्दा बढी पक्की पुलको काम लामो समयदेखि अलपत्र अवस्थामा छ। ठेकेदार कम्पनीको लापरबाहीका कारण चार वटा ठूलासहित आधा दर्जनभन्दा बढी पक्की पुल बन्न सकेका छैनन्। सो क्षेत्रका सांसद रवीन्द्र पटेलले अलपत्र पारिएको ती पुलको बुधबार निरीक्षण गर्दै निर्माण प्रगतिबारे जानकारी लिनुका साथै स्थानीयवासीसँग छलफल गरेका थिए।

लामो समयदेखि पुल अलपत्र पारिएको जानकारी आफूले पाएको उल्लेख गर्दै उनले अब यसको विस्तृत रुपमा अध्ययन गरी छिट्टै ठोस निकास निकालिने बताए। उनले भने, 'पुल निर्माण लामो समयदेखि अलपत्र पारिएको रहेछ, ठेक्का तोडेर नयाँ प्रक्रियामा जाने वा के गर्ने, निर्माण व्यवसायीलाई के गर्ने भन्नेबारे तत्काल निर्णय लिन सरकारको ध्यानाकर्षण गराउँछौँ।' सांसद पटेलले जनजीविकासँग जोडिएको रणनीतिक महत्त्वको पुल निर्माणलाई यथास्थितिमा राख्न नसकिने भएकाले चाँडै निकास हुनुपर्नेमा जोड दिए।

निर्माण कम्पनीका ठेकेदारलाई पुलको निर्माण कार्य तत्काल सम्पन्न गर्न उनले निर्देशन पनि दिए। सांसद पटेलले विशेषगरी वर्षायाममा पुल नहुँदा खोला तर्नुपर्ने बाध्यता, दुर्घटनाको जोखिम र जनधनको क्षतिलाई गम्भीर विषयका रूपमा उठाउँदै निर्माण कम्पनीलाई जिम्मेवार बन्न आग्रह गरे। 'अब कुनै पनि बहाना हुँदैन, परिणाम देखिने गरी काम गर्नुपर्छ, थपिएको तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगरेमा ठेक्का रद्द गरेर निर्माण प्रक्रिया अगाडि बढाइने छ।'

दुवैतर्फ सडक ट्र्याक खुले पनि ठेकेदार कम्पनीले पुल निर्माणको काम अलपत्र पार्दा सर्वसाधारणले सास्ती खेप्नुपरेको सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ। गुजरा नगरपालिका–१ कोठियारमा रहेको कोठियार–ब्रह्मटोल, रङ्कपुरस्थित लमहा (गुजरा) खोला पुलको ठेक्का सम्झौता भएर २०७३ सालबाट निर्माण सुरु भएको थियो। सो पुलको प्रगति हालसम्म ५० प्रतिशत मात्रै छ। तीन स्पानको सुपर स्ट्रक्चर निर्माण सम्पन्न भए पनि एक्स्पान्सन जोइन्ट, एप्रोच सडक र रेलिङको काम अझै बाँकी छ।

यस्तै पिपरियास्थित तरही खोला पुलमा करिब ४५ प्रतिशत मात्र प्रगति भएको छ। सब–स्ट्रक्चर निर्माण सकिए पनि सुपर स्ट्रक्चरको काम सुरु हुन सकेको छैन। विश्व बैंकको सहयोगमा निर्माणाधीन हर्साहा चोक–चन्द्रनिगाहपुर सडकखण्डअन्तर्गत पर्ने नमाहा खोला पुलको प्रगति पनि हालसम्म ४५ प्रतिशतमै सीमित छ। सो पुलको निर्माण कार्य २०७३ सालमा सुरु भई २०८० असारमै सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको थियो। यसैगरी बालचनपुर–जंगलसैया सडकअन्तर्गतको लमहा नदी पुलमा भने तुलनात्मक रूपमा सकारात्मक प्रगति देखिएको छ। सो पुलको निर्माण कार्य २०७८ मा सुरु भएको र हालसम्मको प्रगति भने ५३ प्रतिशत रहेको छ। सो पुल निर्माण कार्य २०८२ मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो।

## उद्यमी–व्यवसायीद्वारा ...

उत्पादनमा अनिवार्य रुपमा एमआरपी लागू गर्ने निर्णय गरेको थियो। पेट्रोलियम पदार्थ, सागसब्जी, फलफूल तथा औद्योगिक कच्चापदार्थको भन्सार जाँचपासमा कुनै समस्या नभएको विभागले जनाएको छ। त्यसबाट रु ३१ करोड राजस्व संकलन भएको छ। वीरगन्ज भन्सार कार्यालयले दैनिक रु ५० देखि ६० करोडसम्म राजस्व संकलन गर्दै आएको छ। यसैबीच, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले एमआरपी अव्यावहारिक भएकाले आफूहरु भन्सार जाँचपास प्रक्रियामा सहभागी नाएको बताए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)